सुदूरपश्चिम प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली
नेपाल।


प.सं. ०८३।०८४
च.नं. १९३

मिति: २०८३/०५/०२

**विषय :- का.स.मु. सम्बन्धमा ।**

श्री स्थानीय तह सबै,
श्री जि.स.स. सबै,
सुदूरपश्चिम प्रदेश ।

स्थानीय सेवाका कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्ने सम्बन्धमा यस प्रदेशस्थित विभिन्न स्थानीय तहबाट राय, सुझाव एवं निर्देशन माग भइरहेको हुँदा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा कार्यसञ्चालन) ऐन, २०८२ र ऐ. नियमावली, २०८२ मा रहेको व्यवस्थाका साथै देहायबमोजिम हुने गरी गर्नु गराउनु हुन मिति २०८३/०५/०२ (प्रमुख सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

**<u>गाउँ कार्यपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीको हकमा</u>**

| तह | सुपरिवेक्षण | पुनरावलोकन | पुनरावलोकन समिति | निमित्त प्रमुख प्रशासकीय अधिकृत भएको अवस्थामा पुनरावलोकन समिति | मुल्याङ्कन हुन नसक्ने भएमा | कैफियत |
|---|---|---|---|---|---|---|
| सहायक चौथो | अधिकृत छैटौं तहको कर्मचारी वा प्र.प्र.अ. ले तोकेको अधिकृत कर्मचारी | सुपरिवेक्षक भन्दा कम्तिमा एक तह माथिको अधिकृत कर्मचारी | • प्रमुख प्रशासकीय अधिकृत<br>• पुनरावलोकनकर्ता<br>• सुपरिवेक्षक | • जिल्ला समन्वय अधिकारी<br>• पुनरावलोकनकर्ता<br>• सुपरिवेक्षक | नियमानुसार हुने मुल्याङ्कन कार्य सम्पन्न गरी जिल्ला समन्वय समिति मार्फत मन्त्रालयमा पठाउने | |
| सहायक पाँचौं | अधिकृत सातौं वा आठौं तह | प्रमुख प्रशासकीय अधिकृत वा सुपरिवेक्षक भन्दा कम्तिमा एक तह माथिको नि.प्र.प्र.अ. वा जि.स.अ. ले तोकेको एक तह माथिको अधिकृत | • प्रमुख प्रशासकीय अधिकृत<br>• सुपरिवेक्षक<br>• प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत सातौं वा आठौं तहको कर्मचारी | • जिल्ला समन्वय अधिकारी<br>• सुपरिवेक्षक<br>• पुनरावलोकनकर्ता | नियमानुसार हुने मुल्याङ्कन कार्य सम्पन्न गरी जिल्ला समन्वय समिति मार्फत मन्त्रालयमा पठाउने | |
| अधिकृत छैटौं | अधिकृत सातौं वा | प्रमुख प्रशासकीय | • जिल्ला समन्वय अधिकारी<br>• जिल्ला सदरमुकामस्थित न.पा.को प्रमुख | | नियमानुसार हुने मुल्याङ्कन कार्य | |

प.सं. ०८३।०८४
च.नं. १९३

| | | | | | |
|---|---|---|---|---|---|
| | आठौं तह | अधिकृत अधिकृत वा सुपरिवेक्षक भन्दा कम्तिमा एक तह माथिको नि.प्र.प्र.अ. | प्रशासकीय अधिकृत<br>• प्र.प्र.अ. वा निजले तोकेको नवौं/दशौं तहको अधिकृत (यस बमोजिमको अधिकारी उपलब्ध नभएमा सम्बन्धित सुपरिवेक्षक वा पुनरावलोकनकर्ता) | सम्पन्न गरी जिल्ला समन्वय समिति मार्फत मन्त्रालयमा पठाउने | |
| अधिकृत सातौं वा आठौं तह | प्रमुख प्रशासकीय अधिकृत वा कर्मचारी भन्दा एक तह माथिको निमित्त प्रमुख प्रशासकीय अधिकृत | जिल्ला समन्वय अधिकारी | • जिल्ला समन्वय अधिकारी<br>• जिल्ला सदरमुकामस्थित न.पा.को प्रमुख प्रशासकीय अधिकृत<br>• प्र.प्र.अ. वा निजले तोकेको नवौं/दशौं तहको अधिकृत (यस बमोजिमको अधिकारी उपलब्ध नभएमा सम्बन्धित सुपरिवेक्षक वा पुनरावलोकनकर्ता) | नियमानुसार हुने मुल्याङ्कन कार्य सम्पन्न गरी जिल्ला समन्वय समिति मार्फत मन्त्रालयमा पठाउने | |

**<u>नगर कार्यपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीको हकमा</u>**

| तह | सुपरिवेक्षण | पुनरावलोकन | पुनरावलोकन समिति | प्रमुख प्रशासकीय अधिकृत निमित्त भएको अवस्थामा पुनरावलोकन समिति | मुल्याङ्कन हुन नसक्ने भएमा | कैफियत |
|---|---|---|---|---|---|---|
| सहायक चौथो | अधिकृत छैटौं | अधिकृत सातौं वा आठौं तहको कर्मचारी | • प्रमुख प्रशासकीय अधिकृत<br>• पुनरावलोकनकर्ता<br>• सुपरिवेक्षक | • जिल्ला समन्वय अधिकारी<br>• पुनरावलोकनकर्ता<br>• सुपरिवेक्षक | नियमानुसार हुने मुल्याङ्कन कार्य सम्पन्न गरी जिल्ला समन्वय समिति मार्फत मन्त्रालयमा पठाउने | |
| | अधिकृत सातौं वा आठौं तहको कर्मचारी | अधिकृत नवौं वा दशौं तहको कर्मचारी | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सहायक पाँचौं | अधिकृत सातौं वा आठौं तहको कर्मचारी | अधिकृत नवौं वा दशौं तहको कर्मचारी वा प्रमुख प्रशासकीय अधिकृत वा सुपरिवेक्षक भन्दा एक तह माथिको नि.प्र.प्र.अ. वा जि.स.अ. ले तोकेको एक तह माथिको अधिकृत | • प्रमुख प्रशासकीय अधिकृत<br>• सुपरिवेक्षक<br>• पुनरावलोकनकर्ता वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत सातौं वा आठौं वा अधिकृत नवौं वा दशौं तहको कर्मचारी | • जिल्ला समन्वय अधिकारी<br>• सुपरिवेक्षक<br>• पुनरावलोकनकर्ता | नियमानुसार हुने मुल्याङ्कन कार्य सम्पन्न गरी जिल्ला समन्वय समिति मार्फत मन्त्रालयमा पठाउने | |
| अधिकृत छैटौं | अधिकृत सातौं वा आठौं तहको कर्मचारी वा अधिकृत नवौं वा दशौं तहको कर्मचारी | प्रमुख प्रशासकीय अधिकृत वा सुपरिवेक्षक भन्दा एक तह माथिको नि.प्र.प्र.अ. | • जिल्ला समन्वय अधिकारी<br>• जिल्ला सदरमुकामस्थित न.पा.को प्रमुख प्रशासकीय अधिकृत<br>• प्र.प्र.अ. वा निजले तोकेको नवौं/दशौं तहको अधिकृत (यस बमोजिमको अधिकारी उपलब्ध नभएमा सम्बन्धित सुपरिवेक्षक वा पुनरावलोकनकर्ता) | | नियमानुसार हुने मुल्याङ्कन कार्य सम्पन्न गरी जिल्ला समन्वय समिति मार्फत मन्त्रालयमा पठाउने | |
| अधिकृत सातौं वा आठौं तह | अधिकृत नवौं वा दशौं तहको कर्मचारी वा प्रमुख प्रशासकीय अधिकृत वा कर्मचारी | प्रमुख प्रशासकीय अधिकृत वा जिल्ला समन्वय अधिकारी | • जिल्ला समन्वय अधिकारी<br>• जिल्ला सदरमुकामस्थित न.पा.को प्रमुख प्रशासकीय अधिकृत<br>• प्र.प्र.अ. वा निजले तोकेको नवौं/दशौं तहको अधिकृत (यस बमोजिमको अधिकारी उपलब्ध नभएमा सम्बन्धित सुपरिवेक्षक वा पुनरावलोकनकर्ता)<br>नोटः उपमहानगरपालिकाको हकमा माथिको समितिबाट पुनरावलोकन नहुने भएमाः<br>• प्र.प्र.अ. | | नियमानुसार हुने मुल्याङ्कन कार्य सम्पन्न गरी जिल्ला समन्वय समिति मार्फत मन्त्रालयमा पठाउने | |

सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली
नेपाल।

प.सं. ०८३।०८४
च.नं. १९३

| | | | | | |
|---|---|---|---|---|---|
| | भन्दा एक तह माथिको निमित्त प्रमुख प्रशासकीय अधिकृत | | • अधिकृत नवौं वा दशौं तहको कर्मचारी सुपरिवेक्षक<br>• प्र.प्र.अ.ले तोकेको नवौं वा दशौं तहको अधिकृत कर्मचारी | | |
| अधिकृत नवौं वा दशौं तह | प्रमुख प्रशासकीय अधिकृत वा कर्मचारी भन्दा एक तह माथिको निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट सुपरिवेक्षण हुन सक्ने अवस्था रहेमा सुपरिवेक्षण समेत गरी मन्त्रालयमा पठाउने । | | | | |

**पुनश्च**

**(क) गाउँ कार्यपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीको हकमा**

१. सहायक चौथो तहको कर्मचारीको हकमा कम्तिमा अधिकृत छैटौं तहको कर्मचारी वा प्र.प्र.अ. ले तोकेको अधिकृत कर्मचारीबाट सुपरिवेक्षण र सुपरिवेक्षक भन्दा कम्तिमा एक तह माथिको अधिकृत कर्मचारीबाट पुनरावलोकन गरी प्रमुख प्रशासकीय अधिकृत समेत रहेको अवस्थामा मूल्याङ्कनको सम्पूर्ण प्रक्रिया नियमानुसार सम्पादन गर्ने गराउने । यदि निमित्त प्रमुख प्रशासकीय अधिकृत रहेको अवस्थामा जिल्ला समन्वय अधिकारीलाई पुनरावलोकन समितिको संयोजक कायम गरी मूल्याङ्कनको सम्पूर्ण प्रक्रिया नियमानुसार सम्पादन गर्ने गराउने ।

२. सहायक पाँचौं तहको कर्मचारीको हकमा अधिकृत सातौं वा आठौं तहको कर्मचारीबाट सुपरिवेक्षण र प्रमुख प्रशासकीय अधिकृत वा सुपरिवेक्षक भन्दा कम्तिमा एक तह माथिको नि.प्र.प्र.अ. वा जि.स.अ. ले तोकेको एक तह माथिको अधिकृतबाट पुनरावलोकन गरी प्रमुख प्रशासकीय अधिकृत समेत रहेको अवस्थामा मूल्याङ्कनको सम्पूर्ण प्रक्रिया नियमानुसार सम्पादन गर्ने गराउने । यदि निमित्त प्रमुख प्रशासकीय अधिकृत रहेको अवस्थामा जिल्ला समन्वय अधिकारीलाई पुनरावलोकन समितिको संयोजक कायम गरी मूल्याङ्कनको सम्पूर्ण प्रक्रिया नियमानुसार सम्पादन गर्ने गराउने ।

३. अधिकृत छैटौं तहको कर्मचारीको हकमा अधिकृत सातौं वा आठौं तहको कर्मचारीबाट सुपरिवेक्षण र प्रमुख प्रशासकीय अधिकृत वा सुपरिवेक्षक भन्दा कम्तिमा एक तह माथिको नि.प्र.प्र.अ. बाट पुनरावलोकन गरी जिल्ला समन्वय अधिकारीको संयोजकत्वमा रहेको समितिमा जिल्ला सदरमुकामस्थित नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सदस्य कायम गरी मूल्याङ्कनको सम्पूर्ण प्रक्रिया नियमानुसार सम्पादन गर्ने गराउने । सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा कार्यसञ्चालन) नियमावली, २०८२ को नियम ६३ को उपनियम (८) देहाय खण्ड (ग) बमोजिमको सदस्य उपलब्ध नरहेको अवस्थामा सम्बन्धित सुपरिवेक्षक वा पुनरावलोकनकर्तालाई सदस्य कायम गरी नियमानुसार मुल्याङ्कनको कार्य गर्ने/गराउने ।

४. अधिकृत सातौं वा आठौं तहको कर्मचारीको प्रमुख प्रशासकीय अधिकृत वा कर्मचारी भन्दा एक तह माथिको निमित्त प्रमुख प्रशासकीय अधिकृतले सुपरिवेक्षण, जिल्ला समन्वय अधिकारीबाट पुनरावलोकन सम्पन्न गरी जिल्ला समन्वय अधिकारी संयोजकत्वमा रहेको समितिमा जिल्ला सदरमुकामस्थित नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सदस्य कायम गरी मूल्याङ्कनको सम्पूर्ण प्रक्रिया नियमानुसार सम्पादन गर्ने गराउने । कुनै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत वा निमित्त प्रमुख प्रशासकीय अधिकृतभन्दा माथिल्लो तहमा कार्यरत रहेको कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन फारामको सुपरिवेक्षण सम्वन्धित जिल्लाको जिल्ला समन्वय अधिकारीले गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। सुदूरपश्चिम

प्रदेश स्थानीय सेवा (गठन तथा कार्यसञ्चालन) नियमावली, २०८२ को नियम ६३ को उपनियम (८) देहाय खण्ड (ग) बमोजिमको सदस्य उपलब्ध नरहेको अवस्थामा सम्बन्धित सुपरिवेक्षक वा पुनरावलोकनकर्तालाई सदस्य कायम गरी नियमानुसार मुल्याङ्कनको कार्य गर्ने/गराउने ।

५. क्र.सं. १ देखि ५ बमोजिम मुल्याङ्कनको कार्य सम्पन्न हुन नसकेको अवस्थामा नियमानुसार हुने मुल्याङ्कन कार्य सम्पन्न गरी उक्त कार्य सम्पादन मूल्याङ्कन फाराम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

६. अन्य कुराको हकमा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा कार्यसञ्चालन) ऐन, २०८२ र नियमावली, २०८२ बमोजिम गर्ने ।

**(ख) नगर कार्यपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीको हकमा**

१. सहायक चौथो तहको कर्मचारीको हकमा कम्तिमा अधिकृत छैठौं तहको कर्मचारीबाट (अधिकृत छैठौं तहको कर्मचारी नभएको अवस्थामा अधिकृत सातौं वा आठौं तहको कर्मचारीबाट) सुपरिवेक्षण गर्ने र अधिकृत सातौ वा आठौं तहको कर्मचारीबाट (अधिकृत सातौ वा आठौं तहको कर्मचारी नभएको अवस्थामा अधिकृत नवौं वा दशौं तहको कर्मचारीबाट) पुनरावलोकन गरी प्रमुख प्रशासकीय अधिकृत समेत रहेको अवस्थामा मूल्याङ्कनको सम्पूर्ण प्रक्रिया नियमानुसार सम्पादन गर्ने गराउने । यदि निमित्त प्रमुख प्रशासकीय अधिकृत रहेको अवस्थामा जिल्ला समन्वय अधिकारीलाई पुनरावलोकन समितिको संयोजक कायम गरी मूल्याङ्कनको सम्पूर्ण प्रक्रिया नियमानुसार सम्पादन गर्ने गराउने ।

२. सहायक पाँचौं तहको कर्मचारीको हकमा अधिकृत सातौं वा आठौं तहको कर्मचारीबाट सुपरिवेक्षण र अधिकृत नवौं वा दशौं तहको कर्मचारी वा प्रमुख प्रशासकीय अधिकृत वा सुपरिवेक्षक भन्दा एक तह माथिको नि.प्र.प्र.अ. वा जि.स.अ. ले तोकेको एक तह माथिको अधिकृतबाट पुनरावलोकन गरी अधिकृत सातौं/आठौं वा अधिकृत नवौं/दशौं तहको अन्य कर्मचारीलाई पुनरावलोकन समितिको सदस्य तोकी मूल्याङ्कनको सम्पूर्ण कार्य नियमानुसार सम्पादन गर्ने गराउने । यदि निमित्त प्रमुख प्रशासकीय अधिकृत रहेको अवस्थामा जिल्ला समन्वय अधिकारीलाई पुनरावलोकन समितिको संयोजक कायम गरी मूल्याङ्कनको सम्पूर्ण प्रक्रिया नियमानुसार सम्पादन गर्ने गराउने ।

३. अधिकृत छैठौं तहको कर्मचारीको हकमा अधिकृत सातौं वा आठौं तहको कर्मचारी वा अधिकृत नवौं वा दशौं तहको कर्मचारीबाट सुपरिवेक्षण र प्रमुख प्रशासकीय अधिकृत वा सुपरिवेक्षक भन्दा एक तह माथिको नि.प्र.प्र.अ. बाट पुनरावलोकन गरी जिल्ला समन्वय अधिकारी रहेको अवस्थामा जिल्ला सदरमुकामस्थित नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सदस्य कायम गरी जिल्ला समन्वय अधिकारीको संयोजकत्वमा रहेको समितिबाट मूल्याङ्कनको सम्पूर्ण प्रक्रिया नियमानुसार सम्पादन गर्ने गराउने ।

४. अधिकृत सातौं वा आठौं तहको कर्मचारीको हकमा अधिकृत नवौं वा दशौं तहको कर्मचारी (वा प्रमुख प्रशासकीय अधिकृत वा कर्मचारी भन्दा एक तह माथिको निमित्त प्रमुख प्रशासकीय अधिकृत) ले सुपरिवेक्षण र प्रमुख प्रशासकीय अधिकृत (वा जिल्ला समन्वय अधिकारी) बाट पुनरावलोकन सम्पन्न गरी जिल्ला समन्वय अधिकारी रहेको अवस्थामा जिल्ला सुदुरमुकामस्थित नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सदस्य कायम गरी जिल्ला समन्वय अधिकारीको संयोजकत्वमा रहेको समितिबाट मूल्याङ्कनको सम्पूर्ण प्रक्रिया नियमानुसार सम्पादन गर्ने गराउने ।

५. अधिकृत छैटौं, सातौं र आठौंको हकमा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा कार्यसञ्चालन) नियमावली, २०८२ को नियम ६३ को उपनियम (८) देहाय खण्ड (ग) बमोजिमको सदस्य उपलब्ध नरहेको अवस्थामा सम्बन्धित सुपरिवेक्षक वा पुनरावलोकनकर्तालाई सदस्य कायम गरी नियमानुसार मुल्याङ्कनको कार्य गर्ने/गराउने ।

६. उपमहानगरपालिकाको हकमा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा कार्यसञ्चालन) नियमावली, २०८२ को नियम ६३ को उपनियम (८) देहाय खण्ड (ग) बमोजिम पुनरावलोन समिति हुन नसकेमा प्र.प्र.अ., अधिकृत नवौं वा दशौं तहको

प.सं. ०८३।०८४
च.नं. १९३

कर्मचारी सुपरिवेक्षक र प्र.प्र.अ.ले तोकेको नवौं वा दशौं तहको अधिकृत कर्मचारी सहितको समितिबाट नियमानुसार मुल्याङ्कनको कार्य गर्ने/गराउने ।

७. अधिकृत नवौं वा दशौं तहको कर्मचारीको हकमा प्रमुख प्रशासकीय अधिकृत वा कर्मचारी भन्दा एक तह माथिको निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट सुपरिवेक्षण हुन सक्ने अवस्था रहेमा सुपरिवेक्षण समेत गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

८. कुनै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतभन्दा माथिल्लो तहमा कार्यरत रहेको कर्मचारी निमित्त प्रमुख प्रशासकीय अधिकृतको कार्य सम्पादन मूल्याङ्कन फारामको सुपरिवेक्षण सम्वन्धित जिल्लाको जिल्ला समन्वय अधिकारीले गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

९. क्र.सं. १ देखि ७ बमोजिम मुल्याङ्कनको कार्य सम्पन्न हुन नसकेको अवस्थामा मात्र उक्त कार्य सम्पादन मूल्याङ्कन फाराम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

१०. अन्य कुराको हकमा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा कार्यसञ्चालन) ऐन, २०८२ र नियमावली, २०८२ बमोजिम गर्ने ।